बैठक मिति : २०७६।०७।०२ गते

## छलफलका लागि पेश भएका प्रस्तावहरुः

१. बाढी पहिरोबाट बिगरेको बाटो मर्मत सम्भार सम्वन्धमा ।
२. क्यान्सर सम्वन्धी शिविर संचालनको रकम भुक्तानी सम्वन्धमा ।
३. सडक स्तरोन्नती गर्ने सम्वन्धमा । (गढीमाई)
४. धर्म साँस्कृती पुजा अर्चना सम्वन्धमा । (जितिया, दुर्गा पुजा, दाहा, भागवत)
५. स्वास्थ्य भवन भाडा सम्वन्धमा ।
६. कृषि विउ विजन खरिद सम्वन्धमा ।
७. प्रत्येक वडा कार्यालयमा कार्यालय सहयोगीलाई १/१ वटा साइकल खरिद सम्वन्धमा ।
८. हयाण्ड पाइप जडान सम्वन्धमा ।
९. हाट बजारको जग्गाको भाडा सम्वन्धमा ।
१०. सार्वजनीक मा.वि. लक्ष्मीपुर कोद्राहाको रकम भुक्तानी सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको बाढी पहिरोबाट बिगरेको बाटो मर्मत सम्भार सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको बाटो घाटो लगायत विभिन्न संरचनाहरु असारको अन्तिममा आएको भिषण वर्षाले बिगारेको र यस नगरपालिकाको गाडी घोडाहरु (एक्साभेटर, जे.सि.बी., टिपर) प्रयोग गरी देहाय बमोजिमको वार्डहरुमा बाटो, नाला, कुलो तथा पानी निकास खोलेको देहाय बमोजिमको कामको निम्न अनुसारको रकम चौथो नगर सभाको स्वीकृत पेज नं. ३८ को सि.नं. ५४ मा उद्दार राहत तथा पुनर्स्थापना खर्च प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | काम भएको वार्ड नं. | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | हरिपुर-२ (खोला पारी जाने सडक र हरिपुर बजार) | ३७,५००।- | वडा नं. २ |
| | हरिपुर-२ (खोला पारी र १ नं. जाने सडक) | ८२,५००।- | |
| २ | हरिपुर-३ (पिच रोड देखि स्वास्थ्य चौकी जाने सडक) | १,५०,०००।०० | |
| ३ | हरिपुर-४ सडक | ४,०००।०० | |
| ४ | हरिपुर-५ (मजुर्वा गाउँ पुर्व खोला सम्म सडक) | १,५०,०००।०० | |
| ५ | हरिपुर-६ (सडक र बजारमा तथा रैन सडक) | १,२३,०००।- | |
| ६ | हरिपुर-७ | ६०,०००।- | |
| ७ | हरिपुर-८ | १,०५,०००।- | |
| ८ | हरिपुर-९ | ४६,०००।- | |
| | जम्मा | ७,५८,०००।०० | |

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको क्यान्सर सम्वन्धी शिविर संचालनको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ मा मिति २०७६।०६।०३ गते देखि २०७६।०३।०५ गते सम्म क्यान्सर सम्वन्धी शिविर ३ दिन संचालन भएको खर्च रकम चौथो नगरसभाको पेज नं. ३७ को सि.नं ३५ मा हरिपुर न.पा. मा विभिन्न स्वास्थ्य शिविर संचालनबाट रु. ३,२८,५००।- VCN बुद्धनगर, काठमाण्डौंलाई भुक्तानी गर्ने निर्णय गरियो ।

वैठक मिति : २०७६।०७।०२ गते

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सडक स्तरोन्नती गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा गत वर्ष आ.व.बाट सडक स्तरोन्नतीको लागि जिम्मेवारी सरी आएको सि.नं. ४६ मा रु. ४५,४५,३७२।०० बाट यस नगरपालिकाको देहाय बमोजिमका बाटोहरु सडक ग्राभेल तथा मर्मत सम्भार र कलभर्ट निर्माण गर्ने उक्त कार्य उपभोक्ता समिति मार्फत संचालन गर्ने र उपभोक्ता समिति गठन नगरप्रमुखज्युको अध्यक्षतामा गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | योजनाको स्थल | विनियोजित रकम | योजना संचालन प्रक्रिया |
|---|---|---|---|---|
| १ | कलभर्ट निर्माण | वडा नं. ६ लक्ष्मीपुर देखि नहर सम्म २ थान, नहर देखि गढीमाई स्थान सम्म २ थान र वडा नं. ९ ढाव टोल पश्चिम १ थान | २५,००,०००।०० | ठेक्का |
| २ | सडक ग्राभेल तथा मर्मत सम्भार | वडा नं. ३ फरहदवा कब्रिस्तान देखि पश्चिम सुवंस ठाकुरको घर हुदै गैर सडक सम्म | १३,३५,३७२।०० | उपभोक्ता समिति २५ फिट चौंडाई |
| ३ | सडक मर्मत सम्भार | वडा नं. ४ हरैया चौक देखि नहर सम्म दुवै साइड पिच भएको सडकमा । | ७,००,०००।०० | उपभोक्ता समिति |
| | जम्मा | | ४५,३५,३७२।०० | |

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको धर्म साँस्कृती पुजा अर्चना सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न वार्डहरुमा भएको देहाय बमोजिमको धार्मीक कार्यक्रमहरुको देहाय बमोजिमको रकम चौथो नगर सभाको पेज नं. ३७ को सि.नं. ३४ मा विविध कार्यक्रम खर्चबाट देहायका समितिका पदाधिकारीहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | धार्मीक कार्यक्रमको नाम | वार्ड नं. | रकम रु. | भुक्तानी पाउने |
|---|---|---|---|---|
| १ | जितिया पर्व | १ | १०,०००।०० | डोम बहादुर थापा |
| २ | जितिया पर्व | ७ | ५,०००।०० | खहेरु कुमर |
| ३ | दुर्गा पुजा | ४ | २०,०००।०० | सन्तोष राय र रामदेव सिंह |
| ४ | भागवत कथा (खोला पारी) | २ | १०,०००।०० | इन्द्र बहादुर खडका |
| ५. | दाहा | ९ | ७,०००।०० | अलि हुसेन |
| ६ | दुर्गा पुजा | २ | ३०,०००।०० | विरेन्द्र सिंह |

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको स्वास्थ्य भवन भाडा सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर, सर्लाहीलाई चौथो नगर सभाको पेज नं. ३७ को सि.नं. ४९ मा स्वास्थ्य संस्थाहरुलाई सहायता महिला स्वय् सेवीका प्रोत्साह कार्यक्रमबाट प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरलाई रु. १,१०,०००।०० अनुदान दिने निर्णय गरियो ।

## निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको कृषि विउ विजन खरिद सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको विउ विजन वितरण र कृषि यान्त्रीक कार्यक्रमको लागि चौथो नगरसभाको पेज नं. ३७ सि.नं. ३६ बाट विनियोजन भएको रु. ३०,००,०००।०० बाट कृषकहरुको ३० प्रतिशत र नगरपालिकाको ७० प्रतिशत लागत सहभागितामा कृषकहरुलाई विउँ विजन खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | विउ विजनको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गहुँ | ५,००,०००।०० | |
| २ | तरकारी (हिउँदे र वर्षे सिजनको लागि) | ५०,०००।०० | (लागत सहभागिता नहुने) |
| ३ | धान | ८,००,०००।०० | |
| ४ | मेशनरी यान्त्रीक | १६,५०,०००।०० | (१८ वटा) लागत सहभागिताबाट उठेको रकम समेत गरी |
| | जम्मा | ३०,००,०००।०० | |

## निर्णय नं. ७

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको प्रत्येक वडा कार्यालयमा कार्यालय सहयोगीलाई १/१ वटा साइकल खरिद सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका प्रत्येक वडा कार्यालयमा कार्यालय सहयोगीहरुका लागि साइकल खरिद गरि दिने निर्णय गरियो ।

## निर्णय नं. ८

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको हयाण्ड पाइप जडान सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वार्ड नं. ६ मा गत आ.व. २०७५।०७६ को दोस्रो नगरसभाको पेज नं. ३२ को सि.नं. ५ मा हयाण्डपाइप जडान तथा मर्मत लक्ष्मीपुर बजारको लागि रु. ३०,०००।०० निर्णय भएको र नगर कार्यपालिकाको २०७६।०३।०६ गते निर्णय नं. ४ अनुसार वडा नं. ६ को सखिया देवीको घर अगाडी धाराको लागि ३०,०००।०० छुट्टयाएकोले सो रकमहरुबाट साना किसान सहकारी संस्थाको अगाडी र मलंगवा नवलपुर सडक भन्दा पुर्वको चौंकमा र इदी मंसुरको जग्गामा गरी २ थान हयाण्डपाइप जडान भएकोले सो रकम भुक्तानी गर्ने निर्णय गरियो ।

वैठक मिति : २०७६।०७।०२ गते

## निर्णय नं. ९

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको हाट बजार जग्गाको भाडा सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ मा लाग्ने हाट बजारमा परेको जग्गाको भाडा देहाय बमोजिमको जग्गा धनीलाई देहाय बमोजिमको जग्गा भाडा रकम चौथो नगर सभाको पेज नं. ३८ को सि.नं. ५७ मा घर भाडाबाट भुक्तानी दिने निर्णय गरियो ।

| क.सं. | जग्गा धनीको नाम | क्षेत्रफल | रकम रु. |
|---|---|---|---|
| १ | गंगाकाजी महतो | १० धुर | ३,०००।०० |
| २. | अशेश्वर पजियार | ८ धुर | २,४००।०० |
| ३ | मैना कुमारी चौधरी | १० धुर | ३,०००।०० |
| ४ | सुनिता देवी चौधरी | ५ धुर | १,५००।०० |
| ५ | लालबाबु चौधरी | २० धुर | ६,०००।०० |
| ६ | रामचन्द्र चौधरी | ३ कठा १५ धुर | २२,५००।०० |
| ७ | सत नारायण चौधरी | १० धुर | ३,०००।०० |
| ८ | शिव दयाल चौधरी | १० धुर | ३,०००।०० |
|  | जम्मा |  | ४४,४००।०० |

## निर्णय नं. १०

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सार्वजनीक मा.वि. लक्ष्मीपुर कोद्राहाको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ को श्री सार्वजनिक मा.वि. लक्ष्मीपुर कोद्राहालाई सशर्त अनुदानबाट रु. ७,००,०००।०० (सात लाख) शौचालय निर्माण गर्ने सम्झौता भएको र समयमा काम सम्पन्न नभएकोले पछि शौचालय निर्माण भई रकम भुक्तानीको लागि माग आएको र नगरकार्यपालिकाको मिति २०७६।०४।२४ गतेको वैठकको निर्णयबट जिम्मेवारी समेत सरी आएको हुँदा आगामी नगरसभा बाट अनुमोदन हुने गरी हाल उक्त विद्यालयलाइ रकम भुक्तानी दिन प्रमुख प्रशासकिय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो ।